ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक ३०२
१९ साउन २०८० शुक्रबार
4 Aug. 2023, Friday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# मधेस प्रदेशमा किसानलाई रोपाइँ गरेर खुसी साट्ने अवसर जुरेन : मधेसमा जम्मा ४१ प्रतिशत धान रोपाइँ



**अजयकुमार साह**

**साउन १८ गते, महेन्द्रनगर**

'मानो रोपेर मुरी उब्जाउने' महिना रुपमा मानिने असार साउन धान रोपाइँ गर्ने चलन छ। यी महिनाहरु किसानहरुको लागि खुसीयाली महिनाको रूपमा रहने गर्छ। तर, यो वर्ष किसानलाई रोपाइँ गरेर खुसी साट्ने अवसर जुरेन। सबैभन्दा ठूलो समस्या समयमा वर्षा नहुनु र अर्को गाईवस्तुमा लम्की स्किन रोग देखिनु रहेको छ। कतै वर्षा र कतै मल कै अभाव रहेको छ। रोगले गोरु बिरामी हुँदा र मर्दा कति स्थानमा त खेत जोत्न पनि किसानले सकेका छैनन्।

यसरी देशकै कृषि क्षेत्रको रुपमा चिनिने मधेश प्रदेशभित्र धान दिवस अर्थात असार १५ सम्म मात्र ११ प्रतिशत धानको रोपाइँ भएको थियो भने अहिले साउनको दोस्रो सातासम्म यस प्रदेशमा जम्मा ५८ दशमलव ८१ प्रतिशत रोपाइँ भएको मधेस प्रदेशस्थित कृषि निर्देशनालयको तथ्याङ्कले जनाएको छ।

समान्यतया रोपाइँ सम्पन्न भइसक्नुपर्ने समयमा आइपुग्दा समेत मधेसका आठ जिल्लामा समग्रमा लगभग ४१ प्रतिशत खेतमा रोपाइँ हुन नसकेको प्रदेश कृषि निर्देशनालयका निमित्त निर्देशक कमलदेव कुशवाहाले जानकारी दिए। यसरी धान रोपाइँ हुन नसक्दा यस वर्ष धान उत्पादनमा व्यापक ह्रास आउने सम्भावन रहेको उनले बताए।

देशको कुल ग्राहस्थ उत्पादनमा धानको उल्लेखनीय भूमिका रहेको छ। मधेश प्रदेशमा सबैभन्दा बढी धान नै उत्पादन हुँदै आएको थियो तर एक दशक यतादेखि उत्पादनमा कमी हुँदै आएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्यांक अनुसार देशको कुल धान उत्पादनको २० देखि २५ प्रतिशत उत्पादन मात्रै यस प्रदेशमा हुने गरेको छ।

प्रदेशका आठवटै जिल्लामा गरी कूल ५ लाख ७४ हजार ३ सय ६० हेक्टर खेतीयोग्य जमीन र हेकोमा ४ लाख ५ हजार ४५० हेक्टर क्षेत्रफल धान रोपाइँ योग्य जग्गा रहेको छ। तर अहिलेसम्म मात्र २ लाख ३८ हजार ४ सय ४६ हेक्टर क्षेत्रफल अर्थात ५८ दशमलव ८१ प्रतिशत धान रोपाई हुन सकेको प्रदेश कृषि निर्देशनालयका निमित्त निर्देशक कुशवाहाले जानकारी दिए।

यसपाली धनुषा सहित मधेस प्रदेशको जिल्लामा लामो समयदेखि वर्षा नै नभएको कारण सिँचाइको लागि निर्मित नहरहरुमा पानी नै आएको छैन। भूमिगत सिँचाइको वैकल्पिक व्यवस्था गरिएको क्षेत्रमा जसोतसो धान रोपाइँ भए पनि नहर बाट सिँचाइ हुने क्षेत्र साउनको दोस्रो साता बिते पनि सुक्खा छ।

यस प्रदेशमा साना तथा ठूला सिँचाइका स्रोतहरु समेतलाई आधार मान्ने हो भने ३ लाख ५७ हजार ७ सय ९३ हेक्टर क्षेत्रफलमा मात्र सिँचाइको व्यवस्था रहेको कृषि निर्देशनालयले जनाएको छ।

खडेरीले यस वर्ष मधेस प्रदेश मै धान खेती प्रभावित भएको छ। अधिकांश खेत सिँचाइको अभावमा बाँझै छ भने रोपाइँ भइसकेको खेत पनि सुकेर चिरा पर्न थालेको छ। बोरिङमा विद्युतीय मोटर तथा दमकल जडान गरी रोपाइँ भएको खेतमा पनि पर्याप्त पानी नपुगेर बाली सप्रिन नसकेको धनुषाको क्षीरेश्वरनाथ नगरपालिका ४ का किसान दिपो यादवले दुखेसो गरे।

'पाँच बिगाहा धानखेती गर्ने तयारी थियो। दुई बिगाहामा मोटरले पानी लगाएर रोपाइँ त गरेँ तर खेतमा पानी जमिरहन सक्ने अवस्था छैन। बाँकी दुई बिगाहामा कहिलेसम्म रोपाइँ गर्ने हो भन्ने ठेगानै छैन,' धनुषाको धनुषाधाम नगरपालिकाका किसान फुलगेन महतोले भने।

प्रदेश कृषि निर्देशनालयको तथ्यांक अनुसार मधेस प्रदेशमै सबैभन्दा बढी रोपाइँ सप्तरीमा भएको छ। सप्तरीमा ८४ प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ भने धनुषामा जम्मा २७ प्रतिशत रोपाइँ भएको कृषि निर्देशनालयका निमित्त निर्देशक कुशवाहाले जानकारी दिए।

त्यसैगरी मधेस प्रदेशमा दोस्रो बढी रोपाइँ बारा जिल्लामा भएको कुशवाहाले जनाउनुभयो। कुशवाहाका अनुसार बारामा ७५ प्रतिशत रोपाइँ सम्पन्न भएको छ भने तेस्रो स्थानमा रहेको रौतहटमा ७० प्रतिशत। यस्तै महोत्तरीमा ६० प्रतिशत र पर्सामा ५५ प्रशित रोपाइँ सम्पन्न भएको छ। सर्लाही र सिरहामा ५० प्रतिशतको दरले धान रोपाइँ सम्पन्न भएको निर्देशनालयले जानकारी दियो।

कृषि मन्त्रालयको तथ्याङ्क अनुसार पछिल्लो समय सबैभन्दा बढी बोरिङ सप्तरी जिल्लामा जडान गरिएको छ। धनुषामा कमला र हर्दिनाथ सिँचाइ परियोजना पहिलेदेखि नै रहेका कारण स्यालो ट्युवेल तथा डीप बोरिङ खासै जडान गरिएन। जसले गर्दा धनुषामा प्रदेशमै सबैभन्दा कम रोपाइँ भएको छ।

धान उत्पादनको दृष्टिकोणले मधेसको सबैभन्दा बढी धान फल्ने जिल्लाको रुपमा धनुषा चिनिन्छ। प्रदेश कृषि निर्देशनालयको रेकर्ड अनुसार सबैभन्दा बढी धनुषा र सबैभन्दा कम रौतहटमा धान उत्पादन हुने गरेको छ। निर्देशनालयले धनुषामा २ लाख ५१ हजार १ सय ८६ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरेको छ भने रौतहटमा १ लाख ३४ हजार

# ढल्केवरमा इलाकास्तरीय सेवा केन्द्र स्थापना गर्न माग



**खबर दर्पण समाचारदाता**

**साउन १८ गते, ढल्केवर**

धनुषाको ढल्केवरमा इलाका प्रशासन कार्यालय स्थापना गर्न माग गरिएको छ। स्थानीय अभियानीहरूले ढल्केवर विकास संघर्ष समिति गठन गरेर इलाका प्रशासन कार्यालय स्थापनाका लागि पहलकदमी लिएका छन्।

बिहीबार ढल्केवर विकास संघर्ष समितिका संयोजक फुलगेन महतो(मगही)को नेतृत्वमा पुगेका एक टोलीले ढल्केवरमा इलाका प्रशासन कार्यालय स्थापना गर्न माग गर्दै धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाललाई ज्ञापनपत्र बुझाएका हुन्।

ढल्केवर भेगका नागरिकहरूलाई जिल्ला प्रशासन कार्यालय धनुषा जनकपुरबाट प्रदान गरिने सेवा जनताको घरदैलोमै सरल, सहज, सुलभ, झन्झटरहित एवं गुणस्तरीय तवरले पुर्‍याई संघीयताको धारातलीय अनुभूति अन्तर हृदयबाटै गराउने ध्येयले इलाका प्रशासन कार्यालय ढल्केवर स्थापना गरिदिन र सोका लागि नेपाल सरकार गृह मन्त्रालयमा समेत आवश्यक समन्वय पहल तथा सहजीकरण गरिदिन उक्त ज्ञापनपत्रमा उल्लेख छ।

अहिले मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, गणेशमान चारनाथ नगरपालिका लगायत यस भेगका नागरिकलाई नागरिकता, राहदानी, शान्ति सुरक्षाको प्रत्याभूति, विभिन्न सिफारिसहरू लगायतका आम जनताको दैनिक जीवनसँग प्रत्यक्ष एवं परोक्ष रुपमा सरोकार राख्ने विविध प्रशासनिक कार्यका लागि लामो दूरीको यात्रा गरेर जनकपुर धाउनैपर्ने बाध्यता रहेको समितिका संयोजक फुलगेन महतो(मगही)ले बताए।

'सबै नागरिकलाई जनकपुरधाम पुगी सेवा लिने हैसियत छैन। विचौलिया मार्फत मात्र चाँडो सेवा लिन सकिने अवस्थाको सामना गर्नुपरेको छ। आर्थिक रूपमा क्षति व्यहोर्नुपर्ने बाध्यता छ। हालै मात्रै जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता प्राप्तिका लागि झेल्नु परेको सास्ती ज्वलन्त उदाहरण हो,' प्रमुख जिल्ला अधिकारीलाई बुझाइएको ज्ञापनपत्रमा उल्लेख छ।

यता ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले इलाका प्रशासन कार्यालय स्थापनाको प्रयास सराहनीय रहेको उल्लेख गरे। 'यो माग अहिलेको आवश्यकता हो। यस विषयमा गृहमन्त्री र सचिवज्यूलाई पनि अवगत गराएको छु' संघर्ष समितिका टोलीलाई सम्बोधन गर्दै प्रजिअ दाहालले भने 'यो मागमा म पूर्ण सकारात्मक छु। यसका लागि सबैले आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्छ।'

ज्ञापनपत्र बुझाउन संघर्ष समितिका पदाधिकारीहरूसँगै मिथिला उद्योग वाणिज्य संघ ढल्केवरका उपाध्यक्ष सन्तोष कुमार महतो, स्थानीय अभियानी, व्यापारी, सञ्चारकर्मी सम्मिलित टोली जिल्ला प्रशासन कार्यालय पुगेका थिए।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.
Hot line number
9748457490 / 9748457491
रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392
प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।
२४ औं घण्टा उपलब्ध सेवा
- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था
स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।
- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# असल, प्रभावकारी र जनमैत्री भूमिका संघीय सरकारको मूल ध्येय हुनुपर्छ

गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष, गाउँ कार्यपालिका उपाध्यक्ष, वडा अध्यक्ष प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित सदस्य र प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने व्यवस्था छ । यसै गरी नगर सभामा नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य, दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित सदस्य र नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने गर्दछ। यो स्थानीय व्यवस्थापिकाको संरचना हो । स्थानीय तहको व्यवस्थापकीय अधिकार स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहने व्यवस्था छ। गाउँ सभा र नगर सभाले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्ने व्यवस्था छ । स्थानीय तहको यो समावेशी संरचना सुशासन अभिवृद्धिको अर्को सशक्त आयाम हो । समावेशी चरित्रको गाउँ र नगरपालिकाको संरचना, स्थानीय व्यवस्थापिका र कार्यपालिकको व्यवस्था र अन्य संरचनाका कारणले स्थानीय तह सङ्घीय शासन प्रणालीको मूल आधार स्तम्भको रूपमा रहेको छ। जनताको निकटतम दुरीमा रहेको कारणले स्थानीय समस्याको वास्तविक अनुभूति गर्न र ती समस्यालाई उपयुक्त तवरले सम्बोधन गर्ने उत्तरदायित्व बहन गर्न स्थानीय तह सक्षम पनि छ। यसका लागि स्थानीय आवाजको शीघ्र सम्बोधन गर्न व्यापक र अर्थपूर्ण सहभागितालाई जोड दिनु आवश्यक छ। नेपालको संविधानले स्थानीय लोकतन्त्र, सेवा प्रवाहमा सुलभता, आर्थिक र प्रशासनिक पारदर्शिता, समावेशी र सहभागितामूलक स्थानीय शासन प्रणालीको परिकल्पना गरेको छ । स्थानीय लोकतन्त्रको सफल अभ्यास र जनताको निकटतम दुरीमा रहेको स्थानीय सेवा प्रवाहको प्रभावकारिताले सुशासनको अधारस्तम्भ थप मजबुत हुँदै जान सक्ने देखिन्छ ।

हामीले आफ्नो दैनिक क्रियाकलाप र सामाजिक व्यवहारमा पनि बढी सम्पर्क भएको, सहयोगी, घुलमिल भएका छिमेकी वा आफन्तलाई अति नजिकको ठान्ने गर्दछौं। नाता वा सम्बन्धभन्दा पनि घनिष्टता र सहयोगी भावको कारणबाट कुनै व्यक्ति वा समूहप्रति हाम्रो सामीप्य र घनिष्टता रहने गर्दछ। स्थानीय तह पनि जनतासँग नजिक रहने, जनताका आवश्यकता पूर्तिका सहजकर्ता बन्ने एकाइको रूपमा रहेका छन्। यसबाट जनताले सरकारप्रति आफ्नो अपनत्व दर्शाउने अवसर पाउँछन्। एउटा नागरिकमा उत्पन्न हुने यो अपनत्व जब सामाजिक अपनत्वमा रूपान्तरण हुन पुग्दछ तब त्यो भावनात्मक सन्निकटता सामाजिक पुँजी र ऊर्जामा रूपान्तरण हुन पुग्दछ। असल, प्रभावकारी र जनमैत्री भूमिका सङ्घीय सरकारको मूल ध्येय हो, जसले शासकीय प्रणालीप्रति जनअपनत्वको सिर्जनामार्फत सामाजिक मूल्यको अभिवृद्धि गरिरहेको हुन्छ ।

# कोदो किन ओझेलमा ?

नवराज बस्नेत

कोदो पौष्टिकताको हिसाबले विश्वको महत्त्वपूर्ण बाली हो। थोरै खाएर पनि पेट भरिने र धेरै पोषण तत्त्व प्राप्त गर्न सकिने बालीको रूपमा कोदोलाई लिइन्छ। कोदोमा शरीरलाई चाहिने क्याल्सियम, फस्फोरस, फलाम, लवण, अमिनेएसिडलगायतका खाद्य पदार्थ पाइन्छ। यो मधुमेह, एनिमिया, हड्डी बलियो बनाउने, मुटु तथा रगतको मात्रा बढाउने औषधीय वस्तुको प्रयोग हुन्छ। रगतको बोसो र कोलेस्टरोलको मात्रा घटाउने, जाडो यामममा चिसोबाट बच्न वा बचाउन र सर्दी हटाउन अत्यन्तै उपयोगी भएका कारण कोदोलाई सर्वोत्तम खानाको रूपमा लिइन्छ।



नेपाल जस्तो बहुजाति, बहुसंस्कृति रहेको देशमा आदिवासी जनजाति समुदायको चाडपर्व एवं पूजाआजा तथा संस्कार चलाउने क्रममा कोदोको रक्सी चढाउने र अतिथि सत्कारमा प्रयोगसमेत हुने भएकोले कोदोले सांस्कृतिक महत्त्वसमेत ओगटेको छ। कोदो नेपालको धान, मकै र गहुँ पछिको चौथो बाली हो। यसलाई पहाडी भेगमा मकैपछिको दोस्रो बालीको रूपमा लिइन्छ। कागुनो, चिनो र जुनेलो यसै वर्गका बाली हुन्। यो विपन्न परिवारको खानाको मुख्य स्रोत हो। नेपालमा तीन सय मिटरदेखि उच्च पहाडको तीन हजार मिटरसम्म खासगरी मनाङ र मुस्ताङबाहेकका सबै स्थानमा कोदोको खेती गरिन्छ। यसलाई कम उत्पादन हुने रुखोपाखो जग्गामा आकाशे पानीको भरमा रासायनिक मल तथा विषादीको प्रयोगबिना सिमान्त जमिनमा खेती गरिने बालीको रूपमा लिइन्छ। यस बालीलाई रोग किराको प्रकोप कम हुन्छ। यसको बिउलाई १५ वर्षसम्म भण्डारण गरेर राख्न सकिन्छ भने लामो समयसम्म खाद्य सुरक्षाका लागि उत्पादन पछि भण्डारण गरी राख्न सकिन्छ। त्यसैले यो जलवायु अनुकूलनीय अर्गानिक र दिगो एवं वातावरणमैत्री बाली हो।

नेपालमा कुल ४१ लाख २१ हजार हेक्टर (२७ प्रतिशत) खेतीयोग्य जमिनमध्ये ३० लाख ९१ हजार हेक्टर (२० प्रतिशत) जमिनमा खेती गरिएको छ भने १० लाख ३० हजार हेक्टर (७ प्रतिशत) जमिन खेतीयोग्य भएर पनि खेती गरिएको छैन। बाँझो बस्दै आएको छ। यो कम बढ्दो छ। विगत लामो समयसम्म पुर्खाहरूले पहरी फुटाउँदै माटोमा रूपान्तरण गरी स्तरीय जैविक विविधताको अधिकतम उपयोग गर्न सकिन्छ। यसरी कडा परिश्रमका साथ कोदो खेती गरी प्राप्त उत्पादनबाट ढिँडो, रोटी, पुवा, खोलेजस्ता परिकार बनाएर खाने चलन थियो। उक्त खानेकुरालाई गुणस्तरीय खानाको रूपमा लिइथ्यो। जसको फलस्वरूप उत्पादनलाई प्राथमिकतामा राख्दा ठूलो क्षेत्रफलमा कोदोको खेती गरिन्थ्यो।

विडम्बना भन्नुपर्छ, यस्तो महत्त्वपूर्ण बालीलाई कुलामुनि जमिन हुनेहरूको हेलाहोचो र अल्पशिक्षा लिएकाहरूको बुझाइ थियो। अपमानका कारण हाल कोदो खेती गर्ने क्षेत्रफल घट्दै गएको छ। २०७८/०७९ मा २ लाख ६७ हजार ७१ हेक्टरमा मात्र कोदो खेती भएको छ।राज्यले खाद्यसुरक्षाको कुरा गर्‍यो, पेट भर्ने कुरा गर्‍यो तर पोषण खाद्यको कुरा कहिल्यै गरेन। रैथाने बालीहरूमा भएका गुणस्तरीय महत्त्वलाई बुझाउन र प्रवर्धन गर्न र खानपानका बारेमा चेतना विस्तार गर्न सकेन। फलस्वरूप स्थानीय किसानका मौलिक खाद्यान्न एवं खाना छायाँमा परे कुहिएका र किरा लागेका आयातित खाद्यान्नले स्थान पाए। लत भातमा बस्यो। सरकारको नीति एवं व्यवहारले यस्तो अवस्था आयो।

**देशको कृषि कस्तो ? :**

संयुक्त राष्ट्रसंघको सन २०२१ मार्चमा सम्पन्न महासभाले पश्चिमी हावा चल्ने देश भारतको अगुवाइमा ७० भन्दा बढी देशहरूको समर्थनमा सन २०२३ लाई कोदो अन्तर्राष्ट्रिय वर्षको रूपमा मनाउने घोषणा गर्‍यो। नेपाललगायतका संयुक्त राष्ट्रसंघमा आबद्ध मुलुकहरू अन्तर्राष्ट्रिय कोदो वर्षको मुख्य उद्देश्य कोदो वर्ष मनाइरहेका छन्। जलवायुमैत्री खेती साथै कोदोको स्वास्थ्य लाभ र यसको खेतीका लीग उपयुक्तताबारे जनचेतना अभिवृद्धि गर्ने छ।

**अब के त ? :**

कोदोबाली साना, सिमान्त कृषकहरूको जीविकाको आधार भएकाले सरकारी लगानी र प्राथमिकतासहित प्रतिस्पर्धात्मक क्षमता बढाउनु पर्छ। जलवायुमैत्री खेती साथै कोदोको स्वस्थ्य लाभ र यसको खेतीका लागि उपयुक्तताबारे जनचेतना अभिवृद्धि गर्न आवश्यक छ। जमिनको उपयोग संरक्षण र युवा रोजगारको हिसाबले यस बालीलाई हेरिनु पर्छ। खेती प्रक्रियामा सुधार, आधुनिक प्रविधिको प्रयोग गरी सहज उत्पादनमा जोड दिनु पर्छ। अध्ययन अनुसन्धान गरी सम्मानित बालीको स्थान दिई प्रचारप्रसार गर्नुपर्छ। कोदोको प्रशोधन र उद्यमशीलताका साथै कृषि शिक्षामा जोडिनु पर्छ। तीनवटै तहका सरकारको नीति तथा कार्यक्रममार्फत सम्बोधन गरी कोदोको प्रवर्द्धन र विकासका लागि कार्यक्रम व्यवस्था गरिनु पर्छ। सरकारले औपचारिक रूपमा घोषणा गरी साउन १५ लाई राष्ट्रिय कोदो दिवस मनाई प्रचार प्रसार र सचेतना फैलाउनु पर्छ। साउन १५ खिर खाने दिन हो। कोदोको खिरतर्फ आकर्षण बढाउन सकिन्छ। आज अन्तर्राष्ट्रिय कोदो वर्ष 'कोदोको बहार दिगो, पौष्ट्रिक र स्वादिष्ट आहार' भन्ने नाराका साथ कार्यक्रम भइरहेको छ। दिवस मनाउनु भनेको प्रतिवेदन लेख्नका लागि होइन। प्रचारप्रसार तथा जनचेतना विस्तार एवं सचेतनाका लागि हो। दिवसले समग्र नागरिकको मन मस्तिष्क छुन सक्नुपर्छ। उनीहरूको भावनालाई उजागर गर्न सक्नुपर्छ। दिवस मनाउँदै जाने तर कोदो बालीका लागि उत्पादनको वातावरण सिर्जनाका लागि सरोकारवालाको प्राथमिकतामा नपर्ने हाम्रो संस्कृति र संस्कार हुनु हुँदैन।

यदि यसो भयो भने 'कु' अन्नको रूपमा परिचित गराएको कोदो अन्य सिमान्त बालीहरू कहिल्यै 'सु' अन्नमा परिणत हुँदैनन्। त्यसैले सबै मिति सिमान्तको पहिचान पाउन बाध्य भएको कोदो तथा कोदोजन्य खाद्यान्न छायाँमा पर्नेछन्। यस्ता बालीहरूको प्रवर्द्धन, विकास र विस्तारमा जुटौं। खानपानमा सुधार ल्याऔं। दिगो पौष्टिक र स्वादिष्ट आहा र खाई खुसी र सुखी जीवनयापन गरौं।

- बस्नेत, राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष हुन्।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भ्रष्टाचारका फाइल खोल्न अध्यक्ष प्रचण्डलाई माओवादी केन्द्रीय सदस्यहरुको दबाब,पार्टीकै नेताहरुको सम्पत्ति छानबिन गर्न माग

**सागर न्यौपाने**

**साउन १८ गते, काठमाडौं**

नेकपा माओवादी केन्द्रका नेताहरूले अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई पार्टीभित्रका नेता र देशका भ्रष्टाचारीको फाइल खोल्न तीव्र दबाब दिएका छन्।




काठमाडौंमा जारी केन्द्रीय समिति बैठक अन्तर्गत बिहीबार बोल्ने नेताहरूले भ्रष्टहरुको फाइल खोलेर कारबाही गर्न माग गरे।

पछिल्लो दिन सुन प्रकरणका विषयमा भने कोही नेताले कुरा उठाएका छैनन्। बरु, प्रधानमन्त्रीले लिएको कदममा बोल्ने सबैले समर्थन जनाए।

बाँकेका नेता आईपी खरेलले भने, 'सरकारले सबैतिरका भ्रष्टाचारका फाइल खोलेकोमा समर्थन छ, अब माओवादी पार्टीभित्रका भ्रष्टाचारीलाई ठोकौं।'

नेता नरेन्द्र न्यौपानेले पार्टीबाट लाभको पद लिएका सबै नेताको सम्पत्ति छानबिन गर्न माग गरे।

'हाम्रा नेताहरूको पनि सम्पत्ति शुद्धीकरण गर्नुपर्छ,' न्यौपानेले भने, 'अनि मात्र देशका भ्रष्टविरुद्ध लड्न सजिलो हुन्छ, जनताको साथ पाइन्छ।'

'कुनै उद्योग नभई, कुनै काम नगरी नेतहरुको जीवनशैली कसरी अचम्म लाग्दो भयो?' उनले प्रश्न गरे, 'पार्टी बनाउन र जनविश्वास जित्न हामी भित्रैका नेताको गतिविधि नियाल्नुपर्छ।'

राष्ट्रिय सभा सदस्य समेत रहेका नरबहादुर विष्टले २०६५ देखि ८० सम्म मन्त्री बनेका नेताहरूको समीक्षा गर्न अध्यक्ष प्रचण्डको ध्यानाकर्षण गराए।

'जनताका लागि ल्याउने भनेको समाजवाद तपाईं पटकपटक मन्त्री भएका नेताहरूलाई आइसक्यो,' विष्टले भने, 'अब किन र कसले ल्याउने समाजवाद?'

केन्द्रीय सदस्य अनिलकिशोर घिमिरेले ०४६ यताका सरकारी र उच्च पदस्थ कर्मचारी, नेताहरुको सम्पत्ति छानबिन गर्न माग गरे।

'त्यसयताका सबैको सम्पत्ति छानबिन गरेर एउटा विधि बनाउन माग गर्दछु,' घिमिरेले भने, 'अध्यक्षको सुशासन अभियानलाई हाम्रो दह्रो साथ रहनेछ। यसमा अझै निर्मम बन्नुहोस्। यो काम प्रचण्ड र नारायणकाजीले मात्रै गर्न सक्छन् भन्ने जनतामा परेको छ।'

उनले देशको भ्रष्टाचार घटाउन शक्तिशाली समिति चाहिने पनि सुझाए।

'अधिकारसम्पन्न छानबिन समिति बनाएर ०४६ सालछाडिका सबै सुविधामा रहेका उच्च पदस्थ राजनीतिक नेताहरु र प्रशासकहरुको सम्पत्ति छानबिन गर्ने तयारी गर्नुहोस्,' घिमिरेले प्रचण्डलाई भने।

नेता नीलकण्ठ तिवारीले माओवादी नेताका परिवार र तिनका सम्पत्तिप्रतिको बुझाइ सही हुनुपर्ने बताए।

'हाम्रो पार्टीमा अहिले कोही नेताले काम पाएका छैनन्, कसैलाई फुर्सद छैन,' उनले भने, 'प्रधानमन्त्री परिवारबाट बाहिर जानुपर्छ, परिवारलाई हर्ताकर्ता बन्न दिनु हुँदैन।'

यस्तै अर्का नेता शिवराम यादवले पार्टी पेरिसडाँडाबाट चल्नुपर्ने बताए।

रोल्पाका दीपेन्द्र पुनले नेताहरूको बदलिँदो जीवनशैलीले आम कार्यकर्ता निराश बनेको बताए।

'हाम्रो पार्टी नराम्रोमध्यको राम्रो हो, सीमित मान्छेको पदप्रतिष्ठाको चिन्ताले पार्टी बन्दैन,' उनले भने।

सिन्धुपाल्चोकका सांसद समेत रहेका माधव सापकोटाले जनताकोमा पुग्दा उत्साह पैदा हुने गरे पनि उच्च नेता भेटेपछि उत्साह मर्दै गएको बताए।

उनले सबै कमिटी निर्वाचित भएर आउनुपर्ने बताए।

'एउटा नेता कतिपटक सांसद र मन्त्री बन्न पाउँछ?' सापकोटाको प्रश्न छ, 'यो प्रष्ट पारौँ।'

लेखनाथ न्यौपानेले पार्टी भताभुङ्ग अवस्थामा रहेको बताउँदै नयाँ कार्यक्रम र विचार नदिने हो भने माओवादी पनि ओरालो यात्रामा हुने बताए।

'यस्तो बेला पार्टी पुनर्गठनले मात्र पुग्दैन यो आन्दोलन पुनर्गठन गर ेर नयाँ थाल्नुपर्छ,' न्यौपानेले भने।

डीपी ढकालले विधान सम्मेलन नगरी नीति सम्मेलन गर्न प्रस्ताव गरे। यस्तै जयपुरी घर्तीले सिधै विशेष महाधिवेशन गर्न सुझाव दिइन्। 'विधान सम्मेलनभन्दा विशेष महाधिवेशन गर्नु उपयुक्त हुन्छ भन्ने मेरो सुझाव छ,' घर्तीले बैठकमा भनिन्, 'विधान सम्मेलनअघि केन्द्रीय समिति बढाउने र फेरि विधान संशोधन गरेर घटाउने कुरा व्यावहारिक हुँदैन भन्ने मलाई लाग्छ।'

अध्यक्ष प्रचण्डले मंसिरमा विधान सम्मेलन र चैतभित्र विशेष महाधिवेशन गर्ने प्रस्ताव गरेका छन्।

केन्द्रीय सदस्य नरेन्द्र न्यौपानेले दुई अंकको केन्द्रीय समिति राख्न आग्रह गरे। अहिले माओवादीको ३८५ सदस्य छन्। यो घटाउनुपर्ने अधिकांश नेताको माग छ।

अर्का नेता गोम्बु शेर्पाले भने, 'परिवारका सदस्यले अध्यक्ष प्रचण्डको प्रतिष्ठा धुलोमा मिलाउँदैछन्, पारिवारिक सन्जाल व्यवस्थापनले अध्यक्षलाई च्याप्यो।'

लक्ष्मी पुनले पुस्तान्तरण गर्न सुझाव दिइन्।

'एउटै नेता लामो समय नेतृत्वमा रहनु हुँदैन,' उनले भनिन्।

शिवकुमार डाँगीले प्रचण्डलाई प्रश्न सोधे, 'तपाईंसँग लाम लागेका धेरैले अहिले किन तपाईंको साथ छोडेका होलान् अध्यक्ष कमरेड प्रचण्डज्यू? यो तपाईंको गल्ती कि उनीहरुको? समीक्षा गरेर अघि बढ्न आवश्यक छ।'

नेता विशाल खड्काले चुनावको विधिमा पार्टी जानुपर्ने बताए।

कार्यकर्तालाई कल्याणकारी कोष सुरु गर्न उनले नेतृत्वको ध्यानाकर्षण गराए। बुधबारदेखि सुरु भएको बैठकमा अध्यक्ष प्रचण्डले प्रस्तुत गरेको राजनीति प्रतिवेदनमाथि नेताहरूले धारणा राखिरहेका छन्।

**मधेश प्रदेश सरकार**
**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**
**उद्योग विभाग**

## घरेलु तथा साना उद्योग कार्यालय

**जलेश्वर, महोत्तरी, नेपाल**

**प्रशिक्षक सुचिकरण गर्ने बारेको सूचना**

**सूचना प्रकाशित मितिः २०८०।०४।१८**

उपरोक्त विषयमा यस कार्यालयबाट आ.व.२०८०।०८१ मा विभिन्न विषयका सिपमूलक तालिम संचालन गर्नुपर्ने भएकोले निम्नानुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले रु.१० को टिकट टाँस यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपशिलका कागजात प्रशिक्षकको लागि सहित यस कार्यालयमा निवेदन दिई सूचिकृत हुन जानकारी गराईन्छ ।

**तालिमका विषयहरूः-**

| | | |
|---|---|---|
| १. हाउस वायटिस | २. कम्प्यूटर (बेसिक कोर्स) | ३. मुढा बनाउने |
| ४.ब्यूटिसियन (महिला) | ५. पेपर मोल्ड | ६. अगरबती बनाउने |
| ७. सिलाई कटाई | ८. कपात काट्ने (जन्स) | ९.मोबाईल मर्मत |
| १०. उड कार्मिङ (फर्निचर) | ११. चार पाङ्गे मर्मत | १२. कृषि सम्बन्धी तालिम |
| १३. प्लम्बी | १४. चुरा लहठी | १५. डल कुशन |
| १६. इम्ब्रोइडरी(बुटिक) | १७. क्रिसटल | |

**तपशिल**

- शैक्षिक योग्यताको प्रमाण(पत्र चारित्रिक प्रमाण(पत्रको प्रतिलिपी ।
- मान्यता प्राप्त संस्था (ऋत्भ्ख्त) बाट कम्तिमा ीभ्खभ यलभ सम्बन्धित विषयमा तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपी ।
- ६ महिनाको तालिम अनुभवको प्रमाणको प्रतिलिपी ।
- नेपाली नागरिकताको प्रमाण(पत्रको प्रतिलिपी।

**पुनश्चः-**

- यहाँ उल्लेख भएका बाहेक अन्य विषयमा तालिम प्राप्त गरेका व्यक्तिहरुले समेत आफुले संचालन गर्न सक्ने तालिम उल्लेख गरी दरखास्त दिन सकिनेछन् ।
- यसै सूचना अनुसार रोप्टरमा नाम समावेश गरी न्यूनतम भन्दा माथिल्लो योग्यता भएको अनुभवी प्रशिक्षकलाई प्राथमिक्ता दिइनेछ ।
- यस जानकारीको लागि कार्यालयको फोन नं. ०४४(५२००९५ मा सम्पर्क गर्न सकिनेछ ।

## मधेस प्रदेशमा किसानलाई रोपाइँ...

७ सय ६० मेट्रिक टन । बारामा २ लाख ४८ हजार ६ सय ६३ मेट्रिक टन, पर्सामा १ लाख ९१ हजार ९ सय २५ मेट्रिक टन, सप्तरीमा १ लाख ८३ हजार ८ सय ८८ मेट्रिक टन, सर्लाहीमा १ लाख ७३ हजार ६ सय १८ मेट्रिक टन, सिरहामा १ लाख ७२ हजार १ सय ७६ मेट्रिक टन र महोत्तरीमा १ लाख ३८ हजार ८ सय २९ मेट्रिक टन धान उत्पादन हुने अनुमान निर्देशनालयको छ।



# संधीयता जोगाउन सबै लाग्नुपर्छ : मुख्यमन्त्री यादव



धर्वेन्द्र झा

**साउन १८ गते, जनकपुर**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले देशमा आएको सङ्घीय व्यवस्थालाई सफल हुन नदिन विभिन्नखालका षडयन्त्र भइरहेको भन्दै त्यसलाई जोगाउन हामी सबैको सहयोगको खाँचो रहेको बताउनुभएको छ । शिक्षा तथा समाज कल्याण मन्त्रालय तथा निकायको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति समीक्षा गोष्ठीलाई बिहीबार जनकपुरधाममा सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले भन्नुभयो, “जनताको छिटोछरितो काम हुनका लागि सङ्घीयता आएको हो, यदि सङ्घीयतामा पनि जनताले दुःख पायो भने सङ्घीयताको अर्थ हुँदैन । त्यसैले यस्तो अवस्था आउन नदिनका लागि कर्मचारी गम्भीर हुनु आवश्यक छ । उहाँले शिक्षा क्षेत्रमा सुधारका लागि प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयबाट छुटाएर छुट्टै शिक्षा तथा समाज कल्याण मन्त्रालय बनाएको बताउनुभयो ।

सरकारले शिक्षा क्षेत्रमा गरेको लगानी अनुसारको उपलब्धि प्राप्त नगरेको भन्दै उपलब्धि दिने किसिमले अगामी दिनमा कामकाज गर्न शिक्षा क्षेत्रका कर्मचारीलाई निर्देशन दिनुभयो । उहाँले काम गर्नेलाई सम्मान र नगर्नेलाई सजाय भन्ने अवधारणाका साथ सरकार कारले अगामी दिनमा कदम चाल्ने प्रस्ट पार्नुभयो ।

मधेश प्रदेशलाई शिक्षाको हब बनाउनु पर्ने भन्दै मधेशको शिक्षाको अवस्थामा सुधारका लागि देखिएका समस्या समाधानका लागि प्रदेश सरकार गम्भीर रहेको बताउनुभयो । उहाँले शिक्षाको साथै खेलकुदलाई प्रदेश सरकारले प्राथमिकताका साथ अगाडि बढाइरहेको भन्दै प्रदेशको आठ वटै जिल्लामा र ङ्गशाला निमार्णका लागि कामकाज अघि बढेको जानकारी दिनुभयो । उहाँले ११औं राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजनाका लागि प्रदेश सरकारले कामकाजलाई अगाडि बढाएको भन्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुर धामका लागि घोषणा गरेको एक सय करोड जनकपुरधाममा निर्माणाधीन रामजानकी अन्तर ाष्ट्रिय रङ्गशाला निर्माणमा खर्चिने उहाँको भनाइ छ ।

कार्यक्रममा शिक्षा तथा समाज कल्याणमन्त्री महेश यादवले शिक्षा क्षेत्रको सुधारका लागि सरकार प्रतिबद्ध रहेको भन्दै शिक्षामा सुधारका लागि सबैले आफ्नो दायित्व निर्वाह गर्नुपर्ने बताउनुभयो । उहाँले आफ्नो दायित्व निर्वाह नगर्नेलाई छुट नहुने भन्दै शिक्षा कार्यक्रम कार्यान्वयनको क्रममा देखिएका समस्या समाधानका लागि मन्त्रालय तयार भएको बताउनुभयो । कार्यक्रममा मधेश प्रदेशका प्रमुख सचिव किशोर चौधरीले यस प्रकारको समीक्षाले समस्या र चुनौतीको पहिचान हुने र अगामी दिनमा यसको समाधान गरी अघि बढ्न कर्मचारीलाई आग्रह गर्नुभयो । उहाँले योजना बनाएर वार्षिक कार्यक्रमको कार्यान्वयन गर्न आग्रह गर्दै कार्यान्वयनको क्रममा नीतिगतरुपमा कुनै समस्या आएमा समयमै जानकारी गराउन कर्मचारीलाई निर्देशन दिनुभयो ।

शिक्षा तथा समाज कल्याण मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईको अध्यक्षतामा भएको सो कार्यक्रममा कृषि विश्वविद्यालय मधेश प्रदेशका उपकुलपति डा. वैद्यनाथ महतो, मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्य, मधेश प्रज्ञा प्रतिष्ठानका उपकुलपति रामभरोस कापरीसहितकाले आफ्नो धारणा राख्नुभएको थियो ।

# क्षीरेश्वरनाथ ८ दिगम्बरपुर महरा टोलमा खानेपानी आयोजना निर्माण कार्य शुभारम्भ



खबर दर्पण समाचारदाता

**साउन १८ गते, महेन्द्रनगर**

क्षीरेश्वरनाथ नगरपालिका-८ दिगम्बरपुर महरा टोलका बासिन्दाको लागि खानेपानी आयोजना निर्माण कार्य अगाडि बढाइएपछि निकै स्थानीयहरु निकै खुसी भएका छन् ।

८५ घरधुरी रहेको महरा टोलका बासिन्दाले वर्षौंदेखि एउटा इनारको पानी पिउँदै आएकोमा यस वर्षको प्रचण्ड गर्मी र लामो समय देखि बर्षा नहुँदा इनार सुकेर खानेपानीको ठूलो समस्या झेल्दै आएका छन् ।

अहिले खानेपानीको लागि ४–५ किलोमिटर हिडेर बाल्टी र गाग्रीमा घण्टौं लगाएर पानीको जोहो गर्दै आएका दिगम्बरपुर महरा टोलवासीको अब घरदैलाेमै खानेपानी पाउने भएका छन् ।

क्षीरेश्वरनाथ नगरपालिकाको विपत व्यवस्थापन कोषबाट ५ लाख बजेट परिचालन गरी खानेपानी निर्माणको कार्य अगाडि बढाइएको छ ।

नगर प्रमुख सुख देव यादवले खानेपानी निर्माण कार्यको विहिवार शुभारम्भ गर्दै अब महरा टोलबासीले खानेपानीको लागि काकाकुलको अवस्था नरहने बताए ।

वडावासीको मागअनुसार शुद्ध पेयजलको लागि पावर ड्रिल डिप ट्युवेल निर्माणलाई द्रुत गतिमा अगाडि बढाइएको उनले बताए ।

“खानेपानीको व्यवस्था नहुँदा वर्षौंदेखि समस्या झेल्दै घण्टौ लगाएर अर्को टोलबाट पानी ल्याउन बाध्य थियौं”, स्थानिय श्यामो महराले भने, “अब टोल मै खानेपानीको डीप ट्युवेल जडानका लागि कार्य अगाडि बढाइएपछि निकै खुसी छौं ।”

# जनकपुरियन लेडिज ग्रुपद्वारा जानकी मन्दिरको फुलबारीमा वृक्षरोपण



खबर दर्पण समाचारदाता

**साउन १८ गते, जनकपुर**

जनकपुरियन लेडिज ग्रुपले बिहीवार विहान जानकी मन्दिरको फुलबारीमा वृक्षरोपण गरेका छन् ।

लेडिज ग्रुपले विभिन्न प्रजातिका १०१ वटा फूलको बोटहरु तथा बेलपत्र,चन्दन,धुपी ,रबर प्लान्ट,सम्मी लगायतका बोटहरु रोपेको हुन् ।

केहिदिन अगाडि मात्रै जनकपुरका स्थानीय युवाहरुले फूलबारीमा लगाएको तरकारीहरु नष्ट गरि फूल रोप्न आह्वान गरेका थिए।

जनकपुरियन लेडिज ग्रुपको पहलमा बिहीबार बिहान जानकी मन्दिरको फूलबारीमा विभिन्न प्रजातिका १०१ वटा फूलको विरुवा रोपिएको जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले बताए ।

फूलको विरुवाहरु लेडिज ग्रुपले आफै व्यवस्थापन गरेका थिए भने अन्य विरुवाहरू मधेश प्रदेश वन डिभिजन कार्यालयका अधिकृत सुरेश शर्माले उपलब्ध गराइदिएका थिए । फूल रोप्ने कार्यक्रममा जानकी मन्दिरका सहायक महन्थ रोशन दास, अभियानी युवा, सुर क्षाकर्मीलगायतले पनि सहभागिता जनाएका थिए ।

जानकी मन्दिरको फूलबारी क्षेत्रमा तरकारी खेती गरिएको पाइएपछि सर्वसाधारणले मन्दिरका महन्थको आलोचना गरेका थिए ।


**मधेश प्रदेश सरकार**

**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**

उद्योग विभाग

घरेलु तथा साना उद्योग कार्यालय

जलेश्वर, महोत्तरी, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

(प्रथम पटक प्रकाशित मिति : २०८०।०४।१८

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार आ.व.२०८०।०८१ मा १० दिने उद्यमशिलता विकास तालिम कार्यक्रम रहेकोले सो तालिम लिन इच्छुक व्यक्तिहरुबाट उद्यमशिलता विकास तालिम संचालन निर्देशिका २०७३ बमोजिम दरखास्त आह्वान गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिने भित्र घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी निम्न अनुसारको योग्यता पुगेको व्यक्तिले दरखास्त दिन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- नेपाली नागरिक (नागरिकताको प्रतिलिपी)
- १६ वर्ष उमेर पुगी सामान्यतया ५० वर्ष ननाघेको
- उद्योगका उद्योगको उद्यमीका उद्योग विस्तार तथा विविधिकरण गर्न पहले उद्यमी व्यवसायी



**माइग्रेसन सर्टिफिकेट हरायो**

गौशलाबाट जनकपुरधाम जाने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकै को प्रहरी चौकीमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

**नाम** : मिथिलेश महतो

**स्कूल नाम** : त्रिभुवन सेकेन्ड्री स्कूल, गौशला, महोत्तरी

**कक्षा** : १० ˙२

**रजिष्ट्रेशन नं.** : ७७१८०३०८८

**सिम्बल नं.** : २१८००२६५

**पास वर्ष** : २०७८ (२०२१)



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३)

कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा